# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक

राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १८८ | मंगलवार, ८ वैशाख, २०८३ | Tuesday, 21 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०







### रणनैतिक महत्वको मुलपानी-रानिघाट-तेलपानी-भुरीगाउँ सडक :

# बजेटमा समावेश हुन्छ, निर्माण हुँदैन

*आर्थिक वर्ष २०६४/६५ बाट भुरीगाउँ-तेलपानी खण्डमा सरकारले बजेट विनियोजन गर्न थालेको स्थानीय बताउँछन्। २०६९ सालसम्म यो सडकमा एक करोड ७६ लाख रुपैयाँ खर्च भएको भए पनि सडकको अवस्था उस्तै छ।*

**काँक्रेविहार संवाददाता**
सुर्खेत, ७ वैशाख

कर्णालीलाई दक्षिण तराईसँग जोड्ने रणनैतिक महत्वको मुलपानी-रानिघाट-तेलपानी-भुरीगाउँ सडक आयोजनाको कामले पूर्णता पाउन सकेको छैन। यो सडक झण्डै साढे एक दशक यता संघीय सरकारको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश हुन्छ, तर निर्माण कार्य अघि बढ्दैन।

यो सडक कर्णालीलाई लुम्बिनी प्रदेशसँग जोड्ने छोटो मार्ग पनि हो। संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सडक विभाग मातहत रहेको भू-वातावरण तथा सामाजिक शाखाले सडक निर्माणका लागि वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी क्षेत्र निर्धारण तथा कार्यसूची स्वीकृत गर्ने कार्य अघि बढाएपछि सडक बन्ने आशा पलाएको छ।

महाशाखाले ग्रामीण पूर्वाधार विकास तथा अनुसन्धान परामर्शदाता नेपाल-कालिका-रारा जेभी ललितपुरलाई लुम्बिनीको बर्दिया र कर्णालीको सुर्खेतमा प्रस्तावित आम्बासा-दानवताल-तेलपानी-सुर्खेत सडक खण्ड अन्तर्गत ५० किलोमिटर सडक स्तरोन्ती तथा नयाँ निर्माणका लागि प्रस्ताव मागेको छ। यसका लागि वातावरणीय प्रभाव मूल्यांकन (इआईए) सम्बन्धि क्षेत्र निर्धारण तथा कार्यसूचि स्वीकृति गर्न रायसुझाव समितिको बैठक बस्न लागेकाले प्रस्तावित सडकको प्रतिवेदन पेश गर्न भनेको छ।

इआईएको क्षेत्र निर्धारण र कार्यसूचि स्वीकृत भएको खण्डमा सडक निर्माणमा बाधक बन्दै आएको बर्दिया राष्ट्रिय निकुञ्जमा सडक विस्तारको बाटो खुल्ने अपेक्षा छ। हाल यो सडक खण्डको सुर्खेततर्फ ट्र्याक खोल्ने काम सम्पन्न भइसकेको छ, भने बर्दिया खण्डमा झण्डै दुई सय मिटर नयाँ सडक खुल्न बाँकी छ।

स्थानीय टोपबहादुर कठायतका अनुसार बर्दियाको भुरिगाउँबाट बराहताल गाउँपालिका-१, को तेलपानीसम्म वनपथका रुपमा अस्थायी ट्र्याक खुलिसकेको छ। तर करिब दुई सय मिटर कडा चट्टानका कारण गाडी गुड्ने गरी सडक निर्माण गर्न सकिएको छैन। मानव श्रोतले चट्टान काट्न सम्भव नभएको र बर्दिया राष्ट्रिय निकुञ्जले मेसिनरी औजार प्रयोग गर्न नदिएकाले सडक खुल्न नसकेको हो।

मूलपानी-रानीघाट-भुरीगाउँ-तेलपानी सडक विस्तारको मुद्दा अहिलेको भने होइन। आर्थिक वर्ष २०६४/६५ बाट भुरीगाउँ-तेलपानी खण्डमा सरकारले बजेट विनियोजन गर्न थालेको स्थानीय बताउँछन्। २०६९ सालसम्म यो सडकमा एक करोड ७६ लाख रुपैयाँ खर्च भएको भए पनि सडकको अवस्था उस्तै छ। उतिबेला भेरी नदीबाट डोजर तारेर रानीघाटदेखि तेलपानीसम्म १८ किलोमिटर सडकको नयाँ ट्र्याक खोलिएको थियो।

सडक निर्माणले गति लिएका बेला बर्दिया राष्ट्रिय निकुञ्जले मध्यवर्ती क्षेत्रमा सडक विस्तार गर्न रोकेपछि अहिले यो सडक स्थानीयलाई सास्ती खेप्ने मार्ग बनिरहेको छ। राष्ट्रिय निकुञ्जको अवरोधपछि सर्वोच्च अदालतले सडक विस्तारको बाटो खोलिदिएको भए पनि अहिले निकुञ्जको मध्यवर्ती क्षेत्रमा रुख कटान, जग्गा भोगाधिकार र भेरी नदीमा पुल निर्माणको काम हुन नसक्दा सडक विस्तारको काम हुन नसकेको तेलपानीका स्थानीय पदमबहादुर बडुवाल बताउँछन्।

यो सडकलाई प्रदेश सरकारले समेत प्राथमिकतामा राख्दै आएको छ। प्रदेश स्थापना पूर्व सुरु भएको यो सडकमा १६ असार २०७७ मा रानीघाट-तेलपानी सडकअन्तर्गत दोस्रो खण्ड रानीघाटदेखि तेलपानीसम्मको सडक स्तरोन्नति गर्न पूर्वाधार निर्देशनालय सुर्खेत र थोदुङ्ग/जागृति जेभीबीच ठेक्का सम्झौता भएको थियो। तर सम्झौता मिति समाप्त भइसक्दा १० प्रतिशत मात्रै भौतिक प्रगति भएको छ। २२ माघ २०८२ सम्म निर्माण सम्पन्न गर्ने गरी १३ करोड २६ लाखमा सम्झौता भए पनि हाल रुख कटान र जग्गा भोगाधिकारको अनुमति प्राप्त नहुँदा काम अघि बढ्न सकेको छैन।

बराहताल गाउँपालिका-१, का वडाध्यक्ष बमबहादुर बडुवालले रुख कटान तथा जग्गा भोगाधिकारका लागि प्रभावित क्षेत्रमा लगत सङ्कलन भए पनि काम अघि बढ्न नसकेको बताए।

प्रदेश सरकार स्थापना भएपछि कर्णाली प्रदेश सरकारले भुरीगाउँ-तेलपानी सडकलाई अन्तरप्रदेश जोड्ने सडकका रूपमा प्राथमिकतामा राख्दै आएको छ। सोहीअनुसार चालु आर्थिक वर्षमा पनि यही सडकका लागि प्रदेशले ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। तर संघीय सरकारको असयोगकै कारण प्रदेश सरकारले यो सडकलाई पूर्णत दिन सकेको छैन।

### फलाटे-रानिघाट खण्ड निर्माण हुँदै



रुख कटान र जग्गाभोगाधिकारको अल्झनले रानिघाट-तेलपानी दोस्रो खण्ड अलपत्र परे पनि प्रदेश सरकारले पहिलो खण्ड फलाटे-रानीघाटसम्म झण्डै सात किलोमिटर सडकको स्तरोन्नतिको कार्य जारी राखेको छ। पूर्वाधार निर्देशनालय सुर्खेतले पहिलो खण्डको स्तरोन्नतिसहित कालोपत्रे गर्नका लागि ठेक्का प्रक्रिया अगाडि बढाएको थियो।

उक्त सडकको लागत ३२ करोड छ भने निर्माणको जिम्मा बासना निर्माण सेवाले पाएको छ। पूर्वाधार विकास निर्देशनालय सुर्खेतका निमित्त निर्देशक इन्जिनियर सूर्यबहादुर शाहीका अनुसार सडक निर्माणको काम ७० प्रतिशत सम्पन्न भएको छ।

उनका अनुसार सडकमा बेस बिच्छ्याउने काम सम्पन्न भई कालोपत्रे गर्ने तयारी छ। भने कुल १० किलोमिटर सडकमध्ये सात किलोमिटर सडकको स्तरोन्नतिसँगै कालोपत्रे गर्न बहुवर्षीय ठेक्का प्रक्रिया थालनी गरिएकोमा सम्झौता मिति अगावै काम सम्पन्न हुने अपेक्षा छ।

मूलपानी-रानीघाट सडकको दूरी १० किलोमिटर छ। मूलपानीदेखि फलाटेसम्मको तीन किलोमिटर सडक कालोपत्रे सम्पन्न भइसकेको छ।

### पक्की पुल पनि अलपत्र

मूलपानी-रानीघाट-तेलपानी-भुरीगाउँ सडकखण्डअन्तर्गत सुर्खेतको बराहताल गाउँपालिका-२ को रानीघाटस्थित भेरी नदीमा बन्ने भनिएको पुल १३ वर्षदेखि अलपत्र अवस्थामा छ। ६ असार २०६९ मा पप्पु कन्स्ट्रक्सन/मल्ल जेभीसँग २८ पुस २०७२ मा पुल निर्माण सम्पन्न गर्ने गरी १४ करोड २९ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो। तर १३ वर्षसम्म उक्त पुलका दुईवटा पिलर मात्रै ठडिएका छन्। पाँच दशकअघि चिट्ठीपत्र पुऱ्याउन खनिएको भुरीगाउँ-तेलपानी सडक सुदूरपश्चिम र कर्णाली प्रदेशको लाइफलाइनका रूपमा विस्तार हुने भनिएको सडक बर्दिया राष्ट्रिय निकुञ्ज र यसको बफर जोनमा रुख कटान र जग्गा भोगाधिकारको उल्झनले पूरा हुन सकेको छैन। भुरीगाउँबाट कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरको दूरी ५१ किलोमिटर छ। यो सडक विस्तार भएको खण्डमा भुरीगाउँबाट वीरेन्द्रनगर १ घण्टाभित्रै पुग्न सकिन्छ। बर्दियाको ठाकुरबाबा नगरपालिका-२, भुरीगाउँको अम्रेनीदेखि कर्णाली प्रदेशको बराहताल गाउँपालिकाको तेलपानीहुँदै कर्णालीसम्म चिट्ठीपत्र पुऱ्याउन तत्कालीन जिल्ला पञ्चायतले २०२५ सालमा हुलाकी सडकका रूपमा ट्र्याक खोलेको थियो। सुर्खेत-भुरीगाउँ जोड्ने यो सडक स्तरोन्नति हुन सके यहाँको बजार विस्तार हुनुका साथै लुम्बिनी र सुदूरपश्चिम प्रदेश कर्णालीसँगको छोटो दूरीमा जोडिन्छ।

हाल कर्णालीका नागरिकलाई बर्दिया तथा सुदूरपश्चिम जान बाँकेको कोहलपुर पुग्नुपर्ने बाध्यता छ। तर सडक निर्माण नहुदाँ स्थानीयवासीमा सरकारको कामप्रति वितृष्णा बढ्दै गएको छ। यो सडक निर्माण सम्पन्न हुनसके स्थानीयलाई रोजगारी सृर्जनासँगै कृषि उत्पादन बिक्रि र आयआर्जनमा सहजता आउने अपेक्षा गरिएको छ। भने सम्बन्धित सरोकारवालाबिच प्रभावकारी समन्वय भएको खण्डमा सडकको काम छिटो अघि बढ्नसक्ने देखिन्छ।

## बँदेल आक्रमणबाट ज्यान गुमाउनेका परिवारलाई साढे १० लाख राहत



*वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिकाबमोजिम मृतकका परिवारलाई राहत उपलब्ध गराइएको हो।*

**काँक्रेविहार संवाददाता**
सुर्खेत, ७ वैशाख

बँदेलको आक्रमणबाट ज्यान गुमाएका एक व्यक्तिका परिवारलाई साढे १० लाख रुपैयाँ क्षतिपूर्ति प्रदान गरिएको छ।

माघ २४ गते दैलेखको भैरवी गाउँपालिका-५ बैटाकुरामा गोठाला गएका बेला बँदेलको आक्रमणमा परेर ४५ वर्षीय पदमबहादुर विष्टको मृत्यु भएको थियो।

वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिकाबमोजिम कर्णाली प्रदेश सरकारबाट १० लाख र राष्ट्रिय प्रकृति संरक्षण कोष, बर्दियाबाट ५० हजार रुपैयाँ गरी कुल साढे १० लाख मृतकका परिवारलाई उपलब्ध गराएको कर्णाली प्रदेश वन निर्देशनालयका निर्देशक शेरबहादुर श्रेष्ठले बताए।

प्रदेश सरकारतर्फको रकम डिभिजन वन कार्यालय, दैलेखमार्फत मृतक परिवारको बैंक खातामा जम्मा गरिएको निर्देशनालयले जनाएको छ। राष्ट्रिय प्रकृति संरक्षण कोषतर्फको रकम भने सम्बन्धित अधिकारीहरूको उपस्थितिमा मृतककी पत्नी मागिसरा विष्टलाई हस्तान्तरण गरिएको थियो।

घटना भएको दिन घरनजिकै गाईभैंसी गोठाला गएका विष्ट घर फर्किने क्रममा बँदेलको आक्रमणमा परेका थिए। मृतकका भाइ महेश विष्टले भैरवी गाउँपालिकाले घोषणा गरेको राहत रकम अझै नपाएको गुनासो गरेका छन्।

## केन्द्रको विज्ञापन निर्णयप्रति प्रदेश सरकारहरूको असहमति



**काँक्रेविहार संवाददाता**
सुर्खेत, ७ वैशाख

सरकारी विज्ञापनलाई सरकारी स्वामित्वका सञ्चारमाध्यममा मात्र सीमित गर्ने संघ सरकारको निर्णयप्रति प्रदेश सरकारहरूले असहमति जनाउन थालेका छन्। यसक्रममा कर्णाली प्रदेशले केन्द्रको परिपत्र कार्यान्वयन नगर्ने निर्णय गर्दै स्पष्ट चुनौती दिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले चैत १८ गते जारी गरेको परिपत्रमा सार्वजनिक निकायका सूचना तथा विज्ञापन गोरखापत्र संस्थान, रेडियो नेपाल र नेपाल टेलिभिजनजस्ता सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन-प्रसारण गर्नुपर्ने व्यवस्था गरिएको थियो। यस निर्णयको निजी सञ्चारमाध्यम र पत्रकार सम्बद्ध संघसंस्थाहरूले कडा विरोध गर्दै प्रेस स्वतन्त्रता र सूचना प्रवाहमाथि गम्भीर प्रश्न उठाएका छन्। विरोध बढेसँगै कर्णाली प्रदेश सरकारले उक्त परिपत्र कार्यान्वयन नगर्ने निर्णय गरेको हो।

कर्णाली सरकारले विगतझैँ निजी सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन दिने नीति कायम राख्ने जनाएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले वैशाख ४ गते सूचना जारी गर्दै प्रदेशभरका सञ्चारमाध्यमलाई विज्ञापनका लागि आवेदन दिन आह्वान गरेको छ।

प्रदेश सरकारको निर्णयमा 'प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने विषयमा केन्द्रको हस्तक्षेप स्वीकार्य नहुने' उल्लेख गरिएको छ। कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले पनि केन्द्रबाट सचिवस्तरमा जारी परिपत्रमार्फत प्रदेशमा हस्तक्षेप गर्न नहुने धारणा राखेका छन्।

यसैबीच गण्डकी प्रदेशले पनि केन्द्रको निर्णयप्रति असन्तुष्टि जनाएको छ भने कोशी र मधेस प्रदेशले पनि यसबारे निर्णय गर्ने तयारी गरेका छन्।

नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालका अनुसार, सचिवस्तरको निर्णय भएकाले प्रदेश सरकारहरू उक्त परिपत्र मान्न बाध्य नहुने देखिएको छ। यस विषयमा सर्वोच्च अदालतमा रिट समेत दायर भइसकेको छ। नेपाल मिडिया सोसाइटीका तर्फबाट दायर रिटमाथि सुनुवाइ गर्दै अदालतले सरकारसँग कारण देखाउ आदेश जारी गर्नुका साथै अन्तरिम आदेशका लागि दुवै पक्षलाई छलफलमा बोलाएको छ।

नेपालको संविधानको अनुसूची ६ र ७ ले प्रदेशलाई सञ्चारमाध्यम सञ्चालन तथा विज्ञापनसम्बन्धी कर लगाउने अधिकार दिएको छ। यही संवैधानिक व्यवस्थाको आधारमा प्रदेशहरूले केन्द्रको निर्णयप्रति असहमति जनाएका हुन्।

## अवसर पाए कर्णालीका छोरीले खेलमार्फत देशको नाम चम्काउन सक्छन् : सिर्जना सिंह

**काँक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, ७ वैशाख

नेपाली राष्ट्रिय महिला फुटबल खेलाडी सिर्जना सिंहले महिलालाई खेलकुद क्षेत्रमा स्थापित हुन निकै संघर्ष गर्नुपर्ने बाध्यता रहेको बताएकी छन्। शक्ति र अवसरका माध्यमबाट महिला सशक्तीकरणका क्षेत्रमा काम गर्ने संस्था हिमशक्ति फाउण्डेशनका अध्यक्षसमेत रहेकी सिंहले खेलकुद र गुणस्तरीय शिक्षाको सन्तुलन र नेपाली समाजमा जरो गाडेको लैंगिक विभेद, खेल पूर्वाधारको अभाव र महिला प्रशिक्षकहरूको न्यूनता जस्ता चुनौती झेल्नु परेको बताइन। सोमबार वीरेन्द्रनगरमा फाउण्डेशनले आयोजना गरेको पत्रकार भेटघाटमा सिंहले खेल क्षेत्रमा प्रतिवान महिला खेलाडी उत्पादनमा आफुले काम गरिरहेको बताइन। संस्थाले महिला खेलाडी उत्पादन गर्न विभिन्न कामहरु गर्ने उनको भनाई छ। कर्णाली प्रदेशको दुर्गम जिल्ला कालिकोटबाट अवसरको अभाव, सामाजिक कुरीति र लैङ्गिक विभेदका बीच हुर्किएकी उनले राष्ट्रिय टोलीसम्म पुग्न निकै संघर्ष गरेको अनुभूति सुनाइन।



'१४/१५ वर्षमै विवाह हुने चलन, सपना देख्न डराउने किशोरीहरू र अवसरको अभाव। सरकारी विद्यालयमा पढ्दा दैनिक दुई घण्टा पैदल हिँडेर विद्यालय पुग्नुपर्ने बाध्यता थियो। अंग्रेजी भाषा र खेलकुदबारे कुनै जानकारी नभएको अवस्थामा पनि मैले समपना देखे र यो स्थानसम्म आइपुगे,' उनले भनिन्। उनले अगाडि थपिन, 'सुरुवाती दिनहरू निकै कठिन थिए– न पर्याप्त उपकरण, न प्रशिक्षक, न व्यवस्थित मैदान। ढुंगालाई 'कोण' बनाएर खेल्ने, घण्टौं पैदल हिँडेर अभ्यासमा जाने जस्ता व्यवधान बिच मैले आफ्नो लक्ष्य छोडिन। जसका कारण केही वर्षमै विद्यालयस्तरीय खेल हुँदै राष्ट्रिय स्तरसम्म पुग्न सफल भएँ।' उनले १८ वर्षमुनिको प्रतियोगितामा भुटानमा आयोजित साउथ एसिएन गेममा सहभागिता जनाउँदै उत्कृष्ट प्रदर्शन गरेकी थिइन।

त्यसपछि उनले नेपालको राष्ट्रिय महिला फुटबल टोलीमा डेब्यु गर्दै देशको प्रतिनिधित्व गर्ने अवसर पाइन्। सिर्जनाका अनुसार, महिला खेलाडीलाई अझै पनि परिवार र समाजबाट पूर्ण समर्थन पाइँदैन। खेल्न चाहने धेरै दिदीबहिनीहरू सामाजिक डर र पूर्वाग्रहका कारण पछाडि हट्न बाध्य भएको उनले बताइन। उनले थपिन्, भनिन्, 'खेलकुदमा लाग्ने महिलाका लागि सुरक्षित वातावरण, महिला प्रशिक्षक, र पर्याप्त पूर्वाधार अत्यावश्यक छ। यी आधारभूत कुराहरू नहुँदा प्रतिभाशाली खेलाडीहरू ओझेलमा छन्।'

उनले नेपालमा महिला खेलकुदको विकासका लागि नीतिगत सुधार, लगानी, र सामाजिक सोचमा परिवर्तन अपरिहार्य रहेको बताइन। 'अवसर र समर्थन पाए, कर्णालीजस्ता दुर्गम क्षेत्रका छोरीहरूले पनि अन्तर्राष्ट्रिय स्तरमा देशको नाम चम्काउन सक्छन्,' उनले भनिन्।

सम्पादकीय

# इन्धन भण्डारण योजना कार्यान्वयन गर

कर्णाली प्रदेशमा इन्धन भण्डारणको अवस्था अहिले पनि अत्यन्त कमजोर र असुरक्षित छ । विश्वव्यापी रूपमा मध्यपूर्व क्षेत्रमा बढ्दो द्वन्द्वका कारण इन्धन आपूर्ति शृत्ला प्रभावित भइरहेको वर्तमान सन्दर्भमा यो कमजोरी अझ गम्भीर चिन्ताको विषय बनेको छ । संघीय सरकारले सबै प्रदेशमा कम्तीमा ९० दिनका लागि पुग्ने पेट्रोलियम पदार्थ भण्डारण गर्ने लक्ष्य सार्वजनिक गरेको वर्षौं बितिसक्दा पनि कर्णालीमा भने यो योजना कागजमै सीमित छ । यसले राज्यको प्राथमिकता र कार्यक्षमतामाथि पनि प्रश्न उठाएको छ । अन्य प्रदेशमा आंशिक रूपमा भए पनि कार्यान्वयन अघि बढ्दा कर्णाली भने अझै न्यूनतम संरचनाविहीन अवस्थामा रहनु असमान विकासको स्पष्ट संकेत हो । प्रमुख इन्धन आपूर्ति केन्द्रका रूपमा रहेको नेपाल आयल निगमको सुर्खेतस्थित प्रादेशिक कार्यालय सञ्चालनमा भए पनि त्यहाँ पर्याप्त भण्डारण क्षमता छैन । उक्त कार्यालय इन्धन वितरण समन्वयमा सीमित रहेको र ठूलो परिमाणमा इन्धन सञ्चय गर्न नसक्ने सूचीमा पर्दछ । निगमको सुर्खेत कार्यालयसँग अहिले केवल १८ कट्ठा जग्गा मात्र उपलब्ध छ, जुन ९० दिनको भण्डारण गृह निर्माणका लागि निकै न्यून हो । कम्तीमा १० बिगाहा जग्गाको खोजीमा रहेको निगमले कहिले नेपाल ट्रस्टको जग्गा त कहिले सामुदायिक वनको विकल्प अघि सारे पनि ती सबै प्रयासहरू प्रक्रियागत झन्झटमै तुहिएका छन् ।

कर्णालीको भौगोलिक बनोट, कमजोर पूर्वाधार र मौसमजन्य अवरोधका कारण यहाँ आपूर्ति शृंखला स्वाभाविक रूपमा नै जटिल छ । यस्तो अवस्थामा पर्याप्त भण्डारण संरचना नहुनु भनेको संकट निम्त्याउनु जस्तै हो । अहिलेको अवस्थामा एक हप्ताका लागि पुग्ने इन्धन समेत सञ्चित गर्न नसक्नु कुनै पनि दृष्टिले स्वीकार्य हुन सक्दैन । नेपाल आयल निगमको सुर्खेतस्थित प्रादेशिक कार्यालय सञ्चालनमा भए पनि त्यसको भूमिका वितरण समन्वयमा सीमित छ । पर्याप्त भण्डारण क्षमताको अभावले प्रदेश अझै नेपालगन्ज डिपो र निजी बिक्रेतामाथि निर्भर रहन बाध्य छ । दैनिक खपतलाई धान्न निजी पेट्रोल पम्प र ड्रममार्फत बिक्री प्रणालीमा भर पर्नु आफैंमा दीर्घकालीन समाधान होइन, बरू जोखिमको विस्तार हो । योजना कार्यान्वयनमा ढिलाइ हुनुका कारणका रूपमा जग्गा अभाव, प्रशासनिक जटिलता र संघीय-प्रदेश समन्वयको कमजोरी देखाइएको छ । तर यी कारणहरू समाधान खोज्नुपर्ने विषय हुन्, योजनालाई अनिश्चितकालसम्म अलपत्र पार्ने बहाना होइनन् । राज्यका निकायहरूबीच स्पष्ट जिम्मेवारी बाँडफाँड र द्रुत निर्णय प्रक्रियाको अभावले नै समस्या चर्किएको देखिन्छ । कर्णाली प्रदेशमा पेट्रोल र डिजेल भण्डारण गर्ने डिपो नहुँदा निजी बिक्रेतामा भर पर्नुपर्ने बाध्यता रहेको छ । हाल कर्णालीमा दैनिक ८० हजार लिटर डिजेल र २० हजार लिटर पेट्रोलको माग रहेको छ, जसलाई १३ वटा निजी पेट्रोल पम्प र दुर्गममा ड्रममार्फत बिक्री गर्ने गरिएको छ ।

हाल प्रस्तावित वैकल्पिक डिपो निर्माण सकारात्मक कदम भए पनि यसको क्षमता अत्यन्त सीमित छ । यसले केही दिनका लागि मात्र आपूर्ति सहज बनाउने भए पनि दीर्घकालीन समाधान दिन सक्दैन । यसलाई उपलब्धिको रूपमा होइन, संकट टार्ने अस्थायी उपायका रूपमा बुझ्नु पर्छ । वास्तवमा कर्णालीजस्तो दुर्गम प्रदेशका लागि इन्धन भण्डारण केवल पूर्वाधारको विषय होइन, यो जनजीवन, अर्थतन्त्र र राष्ट्रिय सुरक्षासँग जोडिएको रणनीतिक आवश्यकता हो । आपतकालीन अवस्था, प्राकृतिक विपद् वा अन्तर्राष्ट्रिय संकटका बेला इन्धन अभावले सम्पूर्ण जनजीवन ठप्प पार्न सक्छ । त्यसैले अब ढिलाइ गर्ने कुनै ठाउँ छैन । संघीय र प्रदेश सरकारबीच प्रभावकारी समन्वय गरी स्थायी रूपमा पर्याप्त जग्गा उपलब्ध गराउने, स्पष्ट समयसीमा सहित योजना कार्यान्वयन गर्ने र आवश्यक बजेट सुनिश्चित गर्ने कार्य तत्काल अघि बढाइनु पर्छ । कर्णालीलाई संकटबाट सुरक्षित बनाउन ९० दिनको रणनीतिक इन्धन भण्डारण लक्ष्य कुनै विकल्प होइन, अनिवार्य आवश्यकता हो । राज्यले यसलाई प्राथमिकतामा नराखे आगामी संकटले कर्णाली मात्र होइन, समग्र देशको आपूर्ति प्रणालीलाई नै चुनौती दिन सक्नेछ ।

# काठमाडौं अधिकार माग्न होइन, घुम्न जाने हो भने...



✍ यामनाथ शर्मा

२०८२ माघ ५ गते राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जनकपुरमा आयोजना गरेको परिवर्तन उदघोष सभामा बोल्दै हालका प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले काठमाडौं अधिकार माग्न होइन, घुम्न जाने हो, पशुपतिनाथ र स्वयम्भूनाथ दर्शन गर्न जाने हो भनेका थिए ।

साथै, उनले प्रदेशको भूमिका पचास हजारको एउटा धारा फेर्ने नभइ, तीन-चार पालिका जोड्ने काममा केन्द्रित हुनुपर्ने तथा जनकपुरधाम नगरपालिकाको मेयर प्रमुख प्रशासकीय अधिकृत फेर्न काठमाडौं जानुनपर्ने उदघोष पनि गरेका थिए ।

वास्तवमा, रास्वपाको संघीयता प्रतिको दृष्टिकोण स्पष्ट पार्न उनले दिएको अभिव्यक्तिले संघीय प्रणालिमा प्रदेश र पालिकाको स्वायत्तताको पक्षपोषण मात्र गर्दैन- प्रदेश र पालिकाबीचको अधिकार क्षेत्रको सीमा पनि उजागर गर्छ ।

संघीयताको जननी मानिने मधेस प्रदेशको राजधानी जनकपुरमा मैथिली भाषामा उनले दिएको मन्तव्य भाइरल भयो ।

तर बालेनले जनकपुरमा बोलेका कुराहरू प्रतिबिम्बित हुने गरी रास्वपाको वाचा पत्र खुलेको छैन । वाचा पत्रमा समाविष्ट एक सय बुँदामध्ये एक बुँदामा मात्र (अन्य विषयका अतिरिक्त) संघीयता सम्बन्धी विषय उल्लिखित छ ।

सो अनुसार, सरकार सम्हालेको तीन महिनाभित्र राष्ट्रिय सहमति कायम गर्ने हेतुले संविधान संशोधनका लागि प्रस्तावबारे बहस पत्र तयार पार्ने र सो बहस पत्रमा गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूप पनि समावेश हुने उल्लेख छ ।

यसले मात्र प्रदेश तथा स्थानीय सरकारका पदाधिकारी पर्यटक मात्र भएर काठमाडौं घुम्न जाने कुराको प्रत्याभूति गर्दैन ।

सायद यही कमी पूरा गर्न हुन सक्छ, बालेनले आफ्नो निर्वाचन क्षेत्र केन्द्रित वाचा पत्रमा 'स्थानीय तथा प्रदेश सरकारलाई संवैधानिक अधिकारको प्रत्यायोजन सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै...स्थानीय, प्रदेश र संघ सरकारको समन्वय तथा सहकार्यमा' शिक्षा, स्वास्थ्य लगायत विषयहरूमा पाँच वर्षमा गर्ने कामको फेहरिस्त पेस गरेका थिए ।

प्रधानमन्त्री पदमा बहाली गरेको पहिलो दिनमै बालेन सरकारको मन्त्रिपरिषदले शासकीय सुधारको १०० वटा कार्यसूची पारित गरेको छ । उक्त कार्यसूचीमा प्रदेशलाई अधिकार दिने सम्बन्धमा दुइटा बुँदा मात्र उल्लिखित छन् ।

सो अनुसार शिक्षकको सिट्रोल दर्ता र अवकाश पक्ष पश्चातका सेवा आगामी आर्थिक वर्षदेखि प्रदेशको शिक्षा हेर्ने मन्त्रालयबाटै हेर्ने व्यवस्था हुनेछ र २५ करोड रूपैयाँसम्मको उद्योग दर्ता घरेलु तथा साना उद्योग कार्यालय (प्रदेश सरकारको) बाट गर्ने व्यवस्था गरिनेछ ।

स्थानीय सरकारतर्फ कार्यसूचीमा केही बुँदाहरू समावेश भएको भए पनि ती बुँदाहरू स्थानीय सरकारलाई अधिकारसम्पन्न तुल्याउने सम्बन्धी छैनन् ।

सारमा, यो कार्यसूचीलाई आधार मान्ने हो भने प्रदेश र स्थानीय सरकारका प्रतिनिधिहरू अधिकार माग्न काठमाडौं जानुपर्ने अवस्थाको अन्त्य हुने देखिँदैन । अर्को शब्दमा, कार्यसूचीमा प्रस्तुत बुँदाहरू कुनै सेवा विशेषमा सुधार ल्याउन प्रसंगवश आएको देखिन्छ, न कि प्रदेश र पालिकालाई पद्धतिगत रूपमा अधिकारसम्पन्न तुल्याउने मनसायले ।

वाचा पत्र पार्टीले तयार गरेको र सम्भवत सो दस्तावेज अन्तिम हुने अवस्थामा मात्र बालेन पार्टीमा प्रवेश गरेका हुन् । त्यसैले त्यसमा उनले भने अनुसार प्रदेश र स्थानीय सरकारको सबलीकरणका लागि पर्याप्त विषय नसमेटिएको मान्न सकिन्छ ।

यस्तो हो भने पनि, सरकारले जारी गरेको शासकीय सुधारको कार्यसूचीमा उनले जनकपुरमा बोले अनुसार संघीयता सबलीकरणका लागि सारभूत विषय नसमेटिनुलाई स्वाभाविक मान्न सकिँदैन ।

तर पनि उक्त कार्यसूचीमा संविधान संशोधनको विषय परेको, मन्त्रालयहरूले मन्त्रालयगत कार्ययोजना तयार पार्ने तथा विभिन्न ऐनहरू जारी गर्ने कुरा कार्यसूचीमा उल्लेख भएबाट संघीयता सम्बन्धी विषय यिनबाट केही हदसम्म सम्बोधन हुने विश्वास गर्न सकिन्छ ।

त्योभन्दा पनि महत्त्वपूर्ण, सरकार बहाली गर्ने दिनमा नै जारी गर्न तयार पारिएको कार्यसूचीमा संघीयता सम्बन्धी तात्विक असर पार्ने बुँदाहरू छुट हुन गएको भनी सरकारलाई शंकाको लाभको सुविधा दिन सकिन्छ । यसै पृष्ठभूमिमा यस आलेखले प्रधानमन्त्री बालेनले उदघोष गरेजस्तै प्रदेश र पालिकाका प्रतिनिधिहरू आफ्नो अधिकार माग्न काठमाडौं जान नपरी पर्यटकमा रूपमा घुम्न जान पाउने अवस्था सिर्जना गर्ने विषय समेट्ने जमर्को गरेको छ ।

संविधान संशोधन मार्फत तीन तहका सरकार हरूबीचको अधिकारको स्पष्टताः

अधिकारको बाँडफाँट स्पष्ट भएको अवस्थामा मात्र तीनै तहका सरकारहरूले प्रभावकारी हिसाबले काम गर्न सक्छन् । तर हामीकहाँ अधिकार क्षेत्रको अस्पष्टता तथा दोहोरो/तेहोरोपन संघीयता कार्यान्वयनको एउटा प्रमुख बाधक बन्न पुगेको छ । प्रदेश र पालिकाले संघ सरकारसँग उठाउने गरेको प्रमुख मुद्दा पनि यो नै बन्न पुगेको छ ।

यसको ज्वलन्त उदाहरणका रूपमा प्रधानमन्त्रीको अध्यक्षतामा बसेको राष्ट्रिय समन्वय परिषदको पहिलो बैठकको पहिलो सारभूत एजेन्डामा समाविष्ट जिम्मेवारीको अस्पष्टता र दोहोरोपन हटाउने विषयलाई लिन सकिन्छ ।

मूलतः संविधानको अनुसूचीहरू नै अस्पष्टताको स्रोत बन्न पुगेका छन् । विशेषतः संविधान बनाउँदाको बखत अन्तिम अवस्थामा र पर्याप्त छलफल एवं तयारी नगरी थपिएको अनुसूची ९ संघीयता कार्यान्वयनको ऐंजेरू बन्न पुगेको छ ।

यो एकातिर संघ सरकारको हातमा प्रदेश र पालिकाको एकल अधिकारलाई निस्तेज पार्ने औजार बन्न पुगेको छ । अर्कातिर, यसैको कारणबाट उसै पनि जटिल संघीय प्रणाली झन जटिल र अधिकारको कार्यान्वयनमा दोहोरो/तेहोरोपनयुक्त भएको छ । कार्य विस्तृतीकरण मार्फत यसलाई सम्बोधन गर्न खोजिएको भए पनि यो अनुसूची रहेसम्म अस्पष्टता र दोहोरो/तेहोरोपनको सम्बोधन गर्न सम्भव देखिँदैन ।

वर्तमान सरकारले संविधान संशोधनलाई आफ्नो एजेन्डा बनाएको सन्दर्भमा अनुसूची ९ मा रहेका केही प्रावधानलाई जस्ताको तस्तै वा परिमार्जन सहित बाँकी अनुसूचीमा राखी अनुसूची ९ लाई संविधानबाट हटाउनु आवश्यक छ ।

वास्तवमा अधिकारका पाँच-पाँचवटा सूची अन्य कुनै पनि संघीय संविधानमा भएको पाइँदैन । हाम्रो जस्तो तीन तहको सरकारको मोडल अपनाएको दक्षिण अफ्रिका (यद्यपि यो संघीय मुलुक होइन) मा पनि जम्मा दुइटा अनुसूची मात्र छन् ।

त्यसैगरी, अरू अनुसूचीमा व्यवस्थित तहगत सरकारका अधिकारलाई हालसम्मको अनुभवको आधारमा परिमार्जन गर्न आवश्यक छ । संविधानका अनुसूचीहरूको परिमार्जनपछि मात्र कार्यविस्तृतीकरण गरी तीन तहको सरकारबीच थप स्पष्टता ल्याउन उपयुक्त हुन्छ ।

संघीयता-मैत्री कानुनको तर्जुमाः

विशेषगरी प्रदेश सरकारका प्रतिनिधिहरू काठमाडौं धाउने गरेको र संघ सरकारसँग गुनासो गर्ने गरेको विषयहरू संघ सरकारले संविधानको साझा सूची अनुसारका ऐनहरूको तर्जुमासँग सम्बन्धित छन् ।

एक जना पूर्वप्रधानमन्त्रीले केही वर्ष पहिला राष्ट्रिय सभाको एक समितिमा संघ सरकारले संघीयता कार्यान्वयनका लागि तर्जुमा गर्न बाँकी ११७ वटा कानुन पहिचान गरेको भनेका थिए ।

संविधानको अनुसूची ९ खारेज गरेपछि यो संख्या केही घट्न जान्छ । तर पनि विद्यालय शिक्षा ऐन लगायत थुप्रै ऐनको तर्जुमा आवश्यक हुन जान्छ जसका लागि प्राथमिकता सहितको कार्यतालिका बनाएर कार्यान्वयन गर्नु आवश्यक छ ।

प्रहरी समायोजन तथा शान्ति सुरक्षाको जिम्मेवारी हस्तान्तरणः

संघबाट प्रदेश सरकारलाई अधिकारको निक्षेपणको सम्बन्धमा प्रदेश सरकारको सबभन्दा ठूलो चासोको विषय प्रहरीको समायोजन हो ।

अनुसूची ६ मा प्रदेशको एकल अधिकारको पहिलो नम्बरमा भएर पनि प्रदेश प्रहरी र शान्ति सुरक्षाको जिम्मेवारी प्रदेश सरकारलाई हस्तान्तरण नगरिँदा प्रदेश सरकार 'सरकार' हुन नसकेको गुनासो उनीहरूको छ ।

उनीहरूले बरू स्थानीय सरकारसँग नगर प्रहरी त छ तर प्रदेश सरकारसँग प्रहरी सम्बन्धी कुनै अधिकार नहुँदा स्थानीय सरकारभन्दा पनि आफू कमजोर भएको भन्ने गरेका छन् । संघ सरकारले २०७६ सालमा प्रहरी कर्मचारी समायोजन ऐन तथा नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन जारी गरेर पनि प्रहरी समायोजन गर्ने दिशामा हालसम्म कुनै प्रक्रिया अगाडि बढाएको छैन ।

तसर्थ, प्रदेश सरकारलाई अधिकार माग्न काठमाडौं जानुपर्ने अवस्था सिर्जना गर्ने र संविधान अनुसार प्रदेशले आफ्नो अधिकार उपभोग गर्ने वातावरण बनाउने हो भने प्रहरीको समायोजन संघीयता कार्यान्वयनको पहिलो प्राथमिकतामा राखिनुपर्छ ।

निजामती कर्मचारीको व्यवस्थापनमा पूर्ण विकेन्द्रीकरणः

प्रदेश तथा पालिकाको एउटा प्रमुख दिकदारीको विषय तथा पालिकाका अध्यक्ष/प्रमुखहरू सबभन्दा बढी काठमाडौं धाउनुपर्ने कारण कर्मचारीको सरूवा हो ।

प्रदेश निजामती सेवा तथा स्थानीय (निजामती) सेवा क्रमशः प्रदेश र पालिकाको एकल अधिकार अन्तर्गत भएतापनि कर्मचारी व्यवस्थापनको विषयलाई संघले साझा अधिकार जसरी प्रयोग गरी प्रदेशका प्रमुख सचिव तथा सचिव र पालिकाका प्रमुख प्रशासकीय अधिकृतको मनपरी खटनपटन गर्नाले प्रदेश तथा पालिकाहरू 'पंगु' बनाइएका छन् ।

संघ सरकारबाट खटिई आउने कर्मचारीलाई प्रदेश तथा पालिकाले पाहुना जस्तो व्यवहार गर्दा पनि मुख्यतया खटिई आउने कर्मचारीहरूको तजबिजमा मात्र प्रदेश र पालिकामा कार्यरत् रहने, अनि उनीहरू प्रदेश तथा पालिका प्रतिभन्दा संघ प्रति बढी जबाफदेही हुने विद्यमान व्यवस्थाले गर्दा प्रदेश तथा पालिकाको स्वायत्तताको उपहास भएको छ ।

यसको भुक्तभोगी स्वयं प्रधानमन्त्री नै छन् भने रास्वपाका सभापति रवि लामिछानेले 'प्रशासकीय अधिकृत माग्दा दिएनन्, (अब हामी सत्ता फेर्नेछौं)' भनी जनकपुरको सभामा बोलेको कुराले सायद यही कुरालाई इगिंत गर्छ ।

यस्तो अवस्थाको अन्त्य गर्न ४५ दिनभित्र तयार गर्ने भनिएको संघीय निजामती सेवा विधेयकमा प्रदेशका सचिव र प्रमुख सचिव तथा पालिकाका प्रमुख प्रशासकीय अधिकृतका लागि आवश्यक मापदण्ड तोकी यिनको नियुक्ति एवं खटन पटन क्रमशः प्रदेश निजामती सेवा ऐन तथा स्थानीय ऐनबाट हुने गरी मार्ग प्रशस्त गर्न आवश्यक छ ।

भूमि व्यवस्थापनको काम प्रदेश सरकारलाईः

संविधान अनुसार भू-उपयोग नीति संघ सरकारको एकल अधिकार, एवं भू-नीति तथा र सो सम्बन्धी कानुन संघ र प्रदेश सरकारको साझा अधिकार, तथा भूमि व्यवस्थापन प्रदेश सरकारको एकल अधिकारमा पर्छ । त्यसैगरी स्थानीय सरकारलाई घरधनी जग्गा पुर्जा वितरणको काम दिइएको छ ।

तर व्यवहारमा यी सम्बन्धी कुनै अधिकार प्रदेश र पालिकालाई हस्तान्तरण गरिएको छैन (यद्यपि घरजग्गा रजिस्ट्रेसन दस्तुर तथा मालपोत प्रदेश र पालिकाले उपभोग गरिरहेका छन्) ।

संविधानतः भूमि व्यवस्थापन आफ्नो जिम्मेवारीमा परेको भए पनि प्रदेश सरकारका पदाधिकारीहरू स-साना कामका लागि जग्गा आवश्यक पर्दा समेत संघ सरकारमै धाउनुपर्ने र पटक पटकको ताकेताको बाबजुद संघ सरकारले उनीहरूलाई आवश्यक पर्ने जमिन उपलब्ध नगराएको गुनासो प्रदेश सरकारका पदाधिकारी गर्छन् ।

पारदर्शी तथा पूर्वानुमानयोग्य अन्तर्सरकारी वित्तीय हस्तान्तरणः अन्तर्सरकारी वित्तीय हस्तान्तरण पारदर्शी तथा पूर्वानुमानयोग्य नभएकाले पनि प्रदेश र पालिकाका पदाधिकारीहरू काठमाडौं पटक पटक जानुपर्ने अवस्था छ ।

संघ सरकार आफैले खर्च गर्ने गरी छुट्ट्याउने बजेट पारदर्शी नभएकाले प्रदेश तथा पालिकाका पदाधिकारीहरू आफ्नो क्षेत्रमा संघ सरकारको बढी बजेट पार्न काठमाडौं धाउने गरेका छन् ।

अनि, संघ सरकारले ससर्त अनुदानका नाममा पठाउने बजेटको उल्लेख्य अंश संविधान अनुसार राष्ट्रिय नीति, कार्यक्रम, मानक तथा पूर्वाधारको अवस्थाको आधारमा भन्दा तजबिजी आधारमा पठाउँदा प्रदेश र पालिकाका पदाधिकारीहरू यस्तो तजबिजी बजेट आफ्नो क्षेत्रमा पार्न काठमाडौं जाने गरेका छन् ।

# अब केही आफ्नो जस्तो लाग्छ : जुम्ला तातोपानीका महिलाहरूको कथा



✍ बालकृष्ण सिलवाल शर्मा

*दलित र गरिब परिवारका महिलाहरूका लागि त यो यात्रा अझै कठिन छ । कतिपयसँग आफ्नै जमिन छैन, सानो टुक्रा भाडामा लिएर खेती गर्नुपर्छ । त्यहाँ पनि पानी, ऊर्जा, उत्पादन–सबै कुरा व्यवस्थापन गर्न चुनौती हुन्छ । तर उनीहरू पनि अब पछि हटेका छैनन् ।*

जुम्लाको कर्णालीमा पर्ने तातोपानी गाउँपालिकाका गाउँहरु– जहाँ केही वर्षअघिसम्म यहाँको बिहान धुँवाले भरिएको हुन्थ्यो । गाउँका अन्य महिलाहरूको जस्तै सीता रोकायाका लागि पनि दिनको सुरुवात भनेको दाउरा बाल्ने, आँखा पोल्ने धुँवा सहने र घरधन्दा सम्हाल्ने हुन्थ्यो । 'बिहान उठ्दा चुलो बाल्नै पर्थ्यो, धुँवाले आँखा पिरो हुन्थ्यो,' उनी भन्छिन् ।

श्रीमान् भारतमा छन् । घर, खेत, बालबच्चा, बुढापाढका, रोगी बिमारी–सबै जिम्मेवारी सीताको काँधमा हुन्छ । दिनभरि काम गरे पनि नगद आम्दानी शून्यजस्तै हुने ।

तर अहिले उनको भान्छा बदलिएको छ । धुँवा हराएको छ । विद्युतीय चुलो छ, सौर्य बत्ती छ, सिँचाइका लागि पानी तान्ने सुविधा छ । 'अब काम छिटो हुन्छ, समय बच्यो,' उनी भन्छिन् ।

घरअगाडिको खाली जमिनमा उनले करेसा बारी सुरु गरिन् । सुरुमा उनलाई पनि विश्वास थिएन । तर पानीको सहज पहुँच भएपछि सानो ठाउँ पनि उत्पादनशील बन्यो । अहिले उनको करेसा बारीमा साग, टमाटर, काउली लगागत थुप्रै किसिमका तरकारी उत्पादन हुन्छन् । 'अब बजारबाट किनेर खानु पर्दैन,' उनी भन्छिन्, 'बरु बेच्न पनि लैजान्छु ।' उनकी छोरी गौरीका विद्यालय जान्छिन् । पहिलेजस्तो कमजोर छैनिन् । घरमै उत्पादन भएको तरकारी खान थालेपछि स्वास्थ्यमा सुधार आएको छ । विद्यालयमा पनि परिवर्तन छ–खाजामा गाउँकै अन्न तथा तरकारी प्रयोग हुन थालेको छ । दुर्गम क्षेत्रका लागि यो सानो कुरा होइन । तर यो कथा यति सरल छैन । तातोपानीका धेरै परिवारका पुरुषहरू अझै पनि भारततिर जान्छन् । घरमा महिलाहरू मात्र हुन्छन् । बालबालिका पनि कहिलेकाहीँ अभिभावकसँगै जान्छन्, महिनौंसम्म विद्यालय छुट्छ । यस्तो अवस्थामा तरकारी खेतीले कम्तीमा घरमा बसेका बालबालिकालाई पोषण दिन थालेको छ, विद्यालय जाने रुचि पनि बढाएको छ ।

सीताले अहिले करेसा बारीबाट आएको तरकारी बजारमा बेच्न पनि थालिन् । 'महिनामा एक-दुई हजार त आउँछ,' उनी भन्छिन् । कहिलेकाहीँ पाँच हजारसम्म पनि पुग्छ । त्यो पैसा उनले छोरीको कापी, परिबारका अन्य सदस्यहरूका लागि औषधि र घरखर्चमा प्रयोग गर्छिन् । सानो रकम भए पनि उनको लागि ठूलो कुरा हो–पहिलो पटक उनले आफ्नै कमाइ अनुभव गरेकी छन् ।

तर बजारसम्मको यात्रा सजिलो छैन । बिहान सबेरै निस्किनुपर्छ, टाढा हिँड्नुपर्छ । कहिलेकाहीँ सबै तरकारी बेचिँदैन । 'कहिलेकाहीँ फिर्ता ल्याउँदा कुहिन्छ,' उनी भन्छिन् । उचित मूल्य नपाउने समस्या अझै छ ।

गाउँमा सीता मात्रै होइन, धेरै महिलाहरू यस्तै यात्रामा छन् । कसैले सिलाइ सिकेर कपडा सिलाउन थालेका छन्, कसैले सागसब्जी बेच्न थालेका छन् । पहिले घरभित्र सीमित रहेका उनीहरू अहिले महिला कृषक समूहमा बस्छन्, कुरा गर्छन्, योजना बनाउँछन् ।

तर भित्री रूपमा सबै कुरा बदलिएको छैन । 'ठूलो निर्णय गर्दा अझै पनि पुरुषकै कुरा अन्तिम हुन्छ,' सीता स्वीकार्छिन् । धेरै महिलाहरू पढ्न लेख्न नजान्ने भएकाले बजारको जानकारी लिन सक्दैनन्, सहकारीमा सक्रिय हुन गाह्रो हुन्छ । उनीहरूको आवाज अझै पनि कमजोर नै छ ।

दलित र गरिब परिवारका महिलाहरूका लागि त यो यात्रा अझै कठिन छ । कतिपयसँग आफ्नै जमिन छैन, सानो टुक्रा भाडामा लिएर खेती गर्नुपर्छ । त्यहाँ पनि पानी, ऊर्जा, उत्पादन–सबै कुरा व्यवस्थापन गर्न चुनौती हुन्छ । तर उनीहरू पनि अब पछि हटेका छैनन् ।

'पहिले जस्तो छैन अब,' उनी बिस्तारै भन्छिन्, 'अब केही आफ्नो जस्तो लाग्छ ।'

तातोपानीको गाउँहरुको यी परिवर्तन कुनै ठूलो शहरको कथा होइन । यो सानो सानो परिवर्तनहरूको कथा हो–एक चुलो, एक करेसाबारी, एक महिलाको आत्मविश्वास । जहाँ ऊर्जा उज्यालो मात्रै होइन, सम्भावनाको ढोका बनेको छ । जहाँ घरबगैंचा तथा करेसाबारी केवल खाना होइन, भविष्यको आधार बनेको छ । र जहाँ महिलाहरूले पहिलो पटक आफूलाई केवल घर सम्हाल्ने होइन, जीवन बदल्ने शक्ति भएको महसुस गर्न थालेका छन् ।

(अन्तर्राष्ट्रिय विकास क्षेत्रका परामर्शदाता बालकृष्ण सिलवाल शर्मासँग लैङ्गिक समानता, सामाजिक समावेशिता, सुशासन तथा अनुगमन तथा मूल्याङ्कन क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव छ ।)



# गृहमन्त्री गुरुङको 'आक्रामक शैली'मा लागेको ब्रेक



❒ काँक्रेविहार संवाददाता
काठमाडौं, ७ वैशाख

सत्ता सम्हालेको केही दिनमै 'हाइ प्रोफाइल' व्यक्तिहरूलाई धमाधम पक्राउ गरेर राजनीतिक तरङ्ग ल्याएका गृहमन्त्री सुदन गुरुङको आक्रामक शैली अहिले भने अचानक सुस्तिएको देखिन्छ। सुरुमा 'कडा निर्णय र तत्काल कारबाही' को छवि बनाएका उनी पछिल्ला घटनाक्रमपछि कानुनी प्रक्रिया र अदालतको आदेशका कारण आफ्नो शैली पुनः विचार गर्न बाध्य भएका छन्।

गृह मन्त्रालयमा पत्रकारहरूसँगको पछिल्लो भेटमा उनले खुलेरै स्वीकार गरे "मैले त पक्राउ गरेँ, तर अदालतले छोडि दियो" यही वाक्य अहिले उनको आक्रामक कार्यशैलीमाथि उठेका सबै प्रश्नहरूको केन्द्रमा छ। सरकारको सुरुवाती 'एक्सन मोड' अब कानुनी सीमा र न्यायिक हस्तक्षेपसँग ठोक्किन थालेको स्पष्ट संकेत देखिएको छ।

यो विवादको जरो भदौ २३ को घटनासँग जोडिन्छ। गृहमन्त्री बनेलगत्तै उनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न निर्देशन दिएका थिए। मन्त्रिपरिषद्को पहिलो बैठकपछि जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा उनीहरूलाई नियन्त्रणमा लिइएको थियो। तर यो कदम लामो समय टिकेन।

सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण रिटमार्फत करिब दुई सातामै उनीहरूलाई रिहा गर्ने आदेश दियो। यही निर्णयले सरकारको सुरुवाती कठोर कारबाही रणनीतिमा पहिलो ठूलो कानुनी रोक लगायो। त्यसपछि गृहमन्त्री गुरुङले आफ्नो अडान केही नरम पार्दै रणनीति पुनः मूल्यांकन गरिरहेको बताएका छन्।

उनले आफूलाई "गल्तीबाट सिक्ने व्यक्ति" भन्दै अब कानुनी प्रक्रिया बुझेर अघि बढ्ने संकेत दिएका छन्। तर चुनौती यतिमै सीमित छैन। उनले अनुसन्धान प्रक्रियामा रहेको कानुनी समयसीमा पनि ठूलो समस्या भएको बताएका छन्।

विशेषगरी ज्यानसम्बन्धी कसुरमा अनुसन्धानका लागि दिइने २५ दिनको म्याद पर्याप्त नभएको उनको भनाइ छ। उनका अनुसार, "कागजी प्रक्रिया, पत्राचार र अनुमति लिँदैमा धेरै समय सकिन्छ, यस्तो अवस्थामा गहिरो अनुसन्धान कसरी सम्भव हुन्छ ?" भन्ने प्रश्न अहिले प्रणालीमै उठिरहेको छ।

यता अदालतले भने प्रहरीको कार्यशैलीमाथि प्रत्यक्ष प्रश्न उठाउन थालेको छ। पूर्व ऊर्जामन्त्री दीपक खड्काको बन्दी प्रत्यक्षीकरण मुद्दामा सर्वोच्च अदालतले पक्राउ प्रक्रिया नै त्रुटिपूर्ण भएको ठहर गर्दै अनुसन्धान थुनाबाहिरै गर्न आदेश दिएको थियो। यसले सरकारको 'पहिले पक्राउ, पछि अनुसन्धान' भन्ने शैली कानुनी परीक्षणमा कमजोर देखिन थालेको संकेत गरेको छ।

गुरुङ गृहमन्त्री बनेपछि क्रसर उद्योगदेखि सडक आयोजनासम्मको अनुगमनमा सक्रिय देखिए। तर यस क्रममा उनले अन्य मन्त्रालयको क्षेत्राधिकारमा हस्तक्षेप गरेको आरोप पनि खेप्नुपर्‍यो। सामाजिक सञ्जालमा उनका संकेतात्मक स्टाटस र सार्वजनिक अभिव्यक्तिले पनि थप आलोचना बढाएको छ।

त्यस्तै, फेवाताल अतिक्रमण र आफ्नो सम्पत्ति विवरणबारे उठेका प्रश्नमा उनले स्पष्ट र ठोस जवाफ दिन नसकेको टिप्पणी भइरहेको छ। गृह मन्त्रालयको पछिल्लो पत्रकार भेटघाटमा पनि पारदर्शितामाथि प्रश्न उठ्यो। पत्रकारहरूलाई मोबाइल लैजान नदिइनु, सीमित प्रश्न मात्र लिनु र अधिकांश समय गृहमन्त्री स्वयंले आफ्ना धारणा राख्नुले वातावरण थप विवादित बनायो।

समग्रमा हेर्दा, सुरुवातमा 'कडा कारबाही र तत्काल निर्णय' का कारण चर्चामा आएका गृहमन्त्री सुदन गुरुङ अहिले भने अदालत, कानुन र प्रक्रियाको सीमाभित्र आएर आफ्नो रणनीति पुनः समायोजन गर्न बाध्य भएका छन्।

उनको आक्रामक शैली अब केवल शक्ति प्रदर्शन होइन, कानुनी रूपमा टिकाउ र व्यवस्थित कदममा रूपान्तरण गर्नुपर्ने दबाबमा पुगेको देखिन्छ।

## कसरी सल्टिन्छ कांग्रेस विवाद ?

# यस्ता छन् पूर्णबहादुर पक्षले चाहेका विकल्प



❒ काँक्रेविहार संवाददाता
काठमाडौं, ७ वैशाख

सर्वोच्च अदालतले नेपाली कांग्रेसको कानूनी विवाद निरुपण गरिदिए पनि राजनीतिक विवाद समाधान हुन सकेको छैन।

शुक्रबार फैसला गर्दै सर्वोच्चले आधिकारिकता सम्बन्धमा शेरबहादुर देउवा र पूर्णबहादुर खड्काले दिएको रिट खारेज खारेज गरिदिएको थियो।

रिट खारेजीसँगै विशेष महाधिवेशनले वैधता पाएको छ भने पार्टीको नेतृत्व विधिवतरूपमै सभापति गगनकुमार थापाको काँधमा आएको छ।

वैधानिकताको विवाद निरूपण भए पनि राजनीतिक विवादले समाधान पाउन सकेको छैन। पार्टीभित्र कोरिएको विभाजनको घेरा मेटिएको छैन। यस्तो अवस्थामा कांग्रेस कसरी एक हुन्छ ? भन्ने प्रश्न छ।

असन्तुष्ट समूहका एक नेता पार्टी एक ढिक्का बनाउने भए मुख्य तीन-चार विषयमा वर्तमान संस्थापन बढी नै लचिलो र उदार हुनुपर्ने धारणा राख्छन्।

ती नेताका अनुसार पहिलो, विशेष महाधिवेशन र १४औं महाधिवेशनका दुवै कमिटी समायोजन गर्नुपर्ने हुन्छ।

दोस्रो, दुवै कमिटी समायोजन गर्न सकिँदैन भने दुवै कमिटी भंग गर्ने र नयाँ कार्यसमिति बनाएर पार्टीको १५औं महाधिवेशन गर्नुपर्ने हुन्छ।

तेस्रो, केन्द्रीय समितिमा मनोनीत गर्न बाँकी केन्द्रीय सदस्यमा केही व्यक्तिलाई मात्र समेट्न खोजे मान्य हुँदैन।

'उल्लिखित विषयमा उहाँहरूले स्पष्ट रोडम्याप बोकेर आए मात्र सहमतिको विषयमा थप संवाद अघि बढ्न सक्छ,' ती नेताले भने।

त्यसो त पार्टीलाई एकढिक्का बनाउने जिम्मेवारीमा रहेका सभापति गगन थापाले आइतबार साँझ निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग संवाद गरेका छन्।

भेटका लागि गगन खड्का निवास गोल्फुटार पुगेका थिए।

पार्टीमा देखिएको केही बेमेल हटाएर एकताका लागि पहल गर्न नेता खड्कासँग भेटेको सभापति थापाले बताए। 'पार्टीको बृहत्तर एकताका लागि सिनियर नेताहरूसँग संवाद शुरू गरेको छु,' थापाले भने।

स्रोतका अनुसार खड्काले आफूलाई भेट्न आएका सभापति थापालाई अदालतले सभापति बनाए पनि राजनीतिक रूपमा आफूहरू त्यसलाई स्वीकार्न तयार भइनसकेको बताएका थिए।

साथै, उनले पार्टीलाई एक बनाउने भए कस्ता रणनीति छन् ? भनेर पनि सोधेका थिए।

'तपाईंले पार्टीलाई एक बनाएर कसरी लैजाने र त्यसको रोडम्याप के हो भनेर पूर्णदाइले सोध्नु भएछ ?,' स्रोतले भन्यो, 'जवाफमा उहाँले स्पष्ट कुरा भन्नुभएन। संवाद शुरू गरेको छु, अब शेखर दाइसँग पनि संवादमा जान्छु भन्नुभएछ।'

अदालतको फैसला आएपश्चात् असन्तुष्ट समूहले शनिबार र आइतबार दिनभर नै छलफल गर्‍यो। उक्त संवादले पार्टी मिलाउने जिम्मेवारी थापाकै भएको निष्कर्ष निकालेको थियो।

'पहिले उहाँहरूको प्रस्ताव र रणनीतिलाई अध्ययन गर्ने अनि मात्र आफ्नो विषयलाई अघि सार्ने कुरा भएको छ,' स्रोतले थप्यो, 'प्रस्ताव उहाँहरूले लिएर आएपश्चात् हामी आफ्नो कुरा राख्छौं। सहमति खोज्ने जिम्मा उहाँहरूको हो।'

यो समूहले मुख्य विषय विशेष महाधिवेशनमा सहभागी नभएका तथा १४औं महाधिवेशनमा सहभागी भएकाहरूको ससम्मान हैसियत र राजनीतिक जिम्मेवारी खोजेको छ।

५६ प्रतिशत महाधिवेशन प्रतिनिधिको उपस्थितिमा २७ देखि ३० पुस २०८२ मा विशेष महाधिवेशन सम्पन्न भएको हो। पार्टीमा अझै ४४ प्रतिशत महाधिवेशन प्रतिनिधि र केन्द्रीय नेताहरू बाहिर छन्। उनीहरूलाई समेट्नुपर्ने र उत्तिकै इज्जत तथा राजनीतिक हैसियत दिइनुपर्ने पक्षमा यो समूह छ।

तर, पार्टी प्रवक्ता देवराज चालिसे भने सबै मागहरू सम्बोधन गर्न नसकिने बताउँछन्। उनी विधानको परिधिभित्र रहेर पार्टीलाई एकताबद्ध बनाउने मागहरूलाई हदैसम्म लचिलो बनेर सम्बोधन गर्न सकिए पनि कसैको आवेग, उत्तेजना र कुण्ठालाई सम्बोधन गर्न नसकिने धारणा राख्छन्।

'विधानसम्मत् भूमिका दिन सकिन्छ। केन्द्रीय समितिमा मनोनीत गर्ने र महाधिवेशन आयोजना गर्न गठन हुने समितिहरूमा केही भूमिका दिन सकिन्छ नै,' उनी भन्छन्, 'तर, उहाँहरूको महत्त्वाकांक्षी र अव्यावहारिक मागलाई पूरा गर्न सकिँदैन।'

आधिकारिकताको विवाद समाधान नगरे कांग्रेसले १५औँ महाधिवेशनलाई एकताको महाधिवेशन बनाउन सक्दैन।

११ चैत २०८२ मा बसेको पार्टीको बैठकले १५औँ महाधिवेशन आगामी असोजको १६, १७ र १८ गते काठमाडौँमा गर्ने गरी मिति पारित गरेको छ। महाधिवेशनअन्तर्गत भदौ ३ गतेबाट वडा अधिवेशन शुरू हुने कांग्रेसले जनाएको छ। यस्तै वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काको अध्यक्षतामा निर्वाचन समिति बनाइएको छ।

तर, सहमतिको प्रयास हुन नसके यो समयमा एकताको महाधिवेशन हुन नसक्ने असन्तुष्ट समूह बताउँछ। आइतबार बसेको खड्का पक्षको भेलाले महाधिवेशनका लागि तोकिएका दुईवटा मितिलाई समायोजन गर्न भनेको छ।

सभापति गगन थापाले पार्टी एकताका लागि तत्काल पहल नगरे कांग्रेसको दुईवटा महाधिवेशन हुन सक्ने नेता मीन विश्वकर्माले जानकारी दिए।

'१५औँ महाधिवेशनका लागि २ वटा मिति तय भएको छ, एउटा शेरबहादुर देउवा सभापति रहँदा नै कार्यवाहक सभापति पूर्णबहादुर खड्काले तोकेको वैशाख २८ देखि गर्ने भनेको छ। विशेष महाधिवेशनबाट आएको कार्यसमितिले असोजको मिति तोकेको छ, दुईवटा कार्यतालिकालाई समायोजन गरेर एउटा कार्यतालिका बनाउने स्थिति भयो भने त्यो पार्टी एकता भएको मानिन्छ,' विश्वकर्माले भने, 'पार्टी एकताका लागि पहल भएन भने दुईवटा महाधिवेशन हुन्छ, त्यसले पार्टीलाई विभाजनमा लैजान्छ। दुईवटा महाधिवेशनको अवस्था नरहोस् भन्नका लागि सम्बन्धित पक्षलाई पार्टी एकताको पहल गर्नका लागि आग्रह गरेका छौं।'

तर, यो समूहले वैशाख २८ बाट महाधिवेशन गर्नका लागि कुनै पनि तयारी भने गरेको छैन।

# उल्ट्यायो संघका दुई निर्णय, आइतबार बिदा नदिने

❒ काँक्रेविहार संवाददाता
जुम्ला, ७ वैशाख

जुम्लाको कनकासुन्दरी गाउँपालिकाले संघीय सरकारको निर्णयलाई उल्टाउँदै आइतबार बिदा नदिने र वैशाख सात गतेदेखि नै विद्यालय सञ्चालन गर्ने निर्णय गरेको छ। पठनपाठनमा असर पर्ने निष्कर्षसहित गाउँपालिकाले स्थानीय आवश्यकता अनुसार यस्तो निर्णय लिएको जनाएको छ।

आइतबार बसेको गाउँ कार्यपालिका बैठकले सामुदायिक विद्यालयहरू आइतबारसमेत सञ्चालन गर्ने र शैक्षिक सत्र २०८३ को नियमित पठनपाठन वैशाख सात गतेबाट सुरु गर्ने निर्णय गरेको हो। कार्यवाहक गाउँपालिका अध्यक्ष प्रेमकली बुढाले उक्त निर्णय विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्ने उद्देश्यले गरिएको बताए।

संघीय सरकारअन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रले वैशाख १५ गतेदेखि भर्ना अभियान सञ्चालन गर्ने र वैशाख २१ गतेपछि मात्र नियमित कक्षा सञ्चालन गर्ने निर्देशन दिएको थियो।

साथै, आइतबारसमेत सार्वजनिक बिदा दिने निर्णय गरिएको थियो। तर कनकासुन्दरी गाउँपालिकाले यसलाई व्यवहारिक नदेखिएको भन्दै कार्यान्वयन नगर्ने निर्णय गरेको हो।

गाउँपालिकाद्वारा जारी सूचनामा हिमाली जिल्लाहरूमा हिउँदका कारण लामो समय विद्यालय बन्द रहने उल्लेख गरिएको छ। जुम्लामा पुस महिनामा १५ दिन र माघ महिनामा ३० दिन गरी करिब ४५ दिन बिदा हुने भएकाले शैक्षिक सत्र छोटिने र तोकिएको पाठ्यक्रम तथा पाठ्यघण्टा पूरा गर्न कठिन हुने अवस्था रहेको निष्कर्ष निकालिएको छ।

यही अवस्थालाई मध्यनजर गर्दै गाउँ कार्यपालिकाको २०८३ वैशाख ६ गतेको बैठकले वैशाख सात गतेदेखि नै विद्यालय सञ्चालन गर्ने र आइतबारसमेत कक्षा सञ्चालन गर्ने निर्णय गरेको हो।

यस निर्णयमार्फत शैक्षिक गतिविधि नियमित बनाउने र विद्यार्थीको सिकाइमा सुधार ल्याउने लक्ष्य राखिएको गाउँपालिकाले जनाएको छ। कनकासुन्दरी गाउँपालिका जुम्लाका आठ स्थानीय तहमध्ये संघीय निर्णयविपरीत यस्तो निर्णय गर्ने पहिलो पालिका बनेको छ।

स्थानीय तहको स्वायत्त अधिकार प्रयोग गर्दै गरिएको यो निर्णयलाई शिक्षा क्षेत्रका सरोकारवालाले चासोका साथ हेरेका छन्। गाउँपालिकाले निर्णय कार्यान्वयनका लागि सबै विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा अन्य शैक्षिक सरोकारवालालाई जानकारी गराइसकेको जनाएको छ।

साथै, नियमित पठनपाठन सञ्चालनमा सबै पक्षको सहकार्य आवश्यक रहने पनि उल्लेख गरिएको छ । स्थानीय तहले आफ्नो भौगोलिक र शैक्षिक यथार्थलाई आधार बनाएर लिएको यस निर्णयले अन्य हिमाली क्षेत्रका पालिकालाई समेत प्रेरणा दिन सक्ने अनुमान गरिएको छ।

# नागरिकले एक वर्षपछि पाए नुन्

❒ काँक्रेविहार संवाददाता
हुम्ला, ७ वैशाख

बाजुरासँग सिमाना जोडिएको ताँजाकोट गाउँपालिकाका नागरिकले एक वर्षपछि नुन पाएका छन्। ढुवानीमा ढिलाइ भएपछि लामो समयसम्म अभाव झेलेका स्थानीयले आइतबारदेखि नुन खरिद गर्न पाएका हुन्। नुन ढुवानीको जिम्मा लिएको सप्लायर्सले ढिलो गरी गाउँपालिका केन्द्रमा नुन पुऱ्याएपछि जनप्रतिनिधिसँगको समन्वयमा वितरण सुरु गरिएको हो।



नेपाल साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड, हुम्ला शाखाका प्रमुख राजबहादुर लामाका अनुसार ढुवानी अनुदानअन्तर्गतको नुन आइपुगेपछि बिदाको दिन भए पनि बिक्रीवितरण गरिएको हो। चालु आर्थिक वर्षको पहिलो चौमासिकभित्र ढुवानी हुनुपर्ने नुन ढिलो गरी आइपुगेको हो। यस वर्षका लागि चार सय ७९ क्विन्टल नुनको कोटा निर्धारण गरिएकोमा हालसम्म चार सय ३९ क्विन्टल मात्र ढुवानी भएर आएको छ।

वडागत रूपमा वितरण गरिएको नुनमध्ये वडा नं. एक र दुई लाई ७०,७० क्विन्टल, वडा नं. तिन लाई एक सय १० क्विन्टल, वडा नं. चार लाई ९० क्विन्टल र वडा नं. पाँच लाई ७० क्विन्टल प्रदान गरिएको छ। साथै प्रहरी चौकी र बजार क्षेत्रका लागि २१ क्विन्टल नुन छुट्याइएको छ। यसैबीच, ताँजाकोटको कोटामध्ये ४० क्विन्टल नुन जनसंख्या बढी भएको अदानचुली गाउँपालिकामा पठाइएको पनि जनाइएको छ।


## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८३/०१/०८*

डुङ्गेश्वर गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना दैलेख अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ, सिंचाइ र बातावरण संरक्षण सम्बन्धि योजनाहरुको लागि परियोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु, फिटिङ्गस् तथा औजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायर्सबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

**शर्तहरु :**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटिङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र प्रति फाराम रु. ३०००।०० अक्षरेपी रु. तीन हजार मात्र (पछि फिर्ता नहुने गरी) **डुङ्गेश्वर गाउँपालिकाको नाममा सानिमा बैंक लिमिटेड शाखा डुङ्गेश्वर दैलेखमा रहेको कार्यालयको आन्तरीक राजस्व खाता ग.१.१ ०६००१००४००००००४ सुत्र अनलाईन भौचरको (राजस्व शीर्षक १४२२९ मा) सक्कल** प्रतिको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिनको कार्यालय समय भित्र डुङ्गेश्वर गाउँपालिकाको कार्यालय डाँडापराजुल दैलेख र जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई , विरेन्द्रनगर सुर्खेतवाट खरिद गर्न सकिने छ। विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम डुङ्गेश्वर गाउँपालिका कार्यालयको वेभसाइट www.dungeshwormun.gov.np र जलवायु परिवर्तन स्थानिय अनुकुलन परियोजना परियोजनाको वेभसाइट www.laccp.org.np बाट पनी खरिद गर्न सकिने छ। तर सप्लायर्सले कोटेशन दर्ता **गर्दा डुङ्गेश्वर गाउँपालिकाको नाममा सानिमा बैंक लिमिटेड शाखा डुङ्गेश्वर दैलेखमा रहेको कार्यालयको आन्तरीक राजस्व खाता ग.१.१ आन्तरीक राजस्व खाता ०६००१००४००००००४ सुत्र अनलाईन भौचरको (राजस्व शीर्षक १४२२९ मा) सक्कल** प्रतिका बाहीर देखीने गरी राख्न पर्ने छ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु १६औ (सोह्रौं) दिनको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालय वा सम्बन्धित पालिकाको कार्यालय दर्ता गराउनु पर्नेछ। साथै दरभाउ पत्र खरिद गरेको सक्कलै नगदी रसिद सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायर्सको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई, हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ। हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औ (सोह्रौं) दिनको दिउँसो १२.०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुको तपशिलमा उल्लेखित रोडहेडमा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन। तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरि २०८३ साल बैशाख २५ गते दिउंसो १२.०० वजे डुङ्गेश्वर गाउँपालिकाको कार्यालय, डाँडापराजुलमा उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, गाँउपालीका कार्यालयका प्रतिनिधिहरु र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ।

७. दरभाउपत्रमा उल्लेखित आइटमहरुको दररेट लेख्दा सबै आइटमहरुको दर अनिवार्य रुपमा अक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। अक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ। दरभाउपत्रमा उल्लेखित आइटमहरुको दररेटका आधारमा सप्लायर्स छनौट हुने भएकोले अन्य शर्त मान्य हुनछैन।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ।

१०. अन्य शर्तहरु परियोजनाको खरिद कार्यबिधि वमोजिम हुनेछ। थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ।

११. यो सूचनामा केही संशोधन गर्नु परेमा सोको सूचना डुङ्गेश्वर गाउँपालिका कार्यालय र सम्बन्धित वडाको सूचना पाटीमा टाँस गरिनेछ।

१२. अन्य थप जानकारी चाहिएमा डुङ्गेश्वर गाउँपालिकाको बास इकाइ (९८४६००९३६७) मा सर्म्पक गर्न सकिनेछ।

**तपसील**

| *दरभाउ पत्र (क)* | | *खरिद समिति* | |
|---|---|---|---|
| **क्र.स** | **योजनाको नाम** | **ठेगाना** | **ढुवानी गर्नुपर्ने स्थान** |
| १ | रातामाटा बहुउपयोगी योजना | डुङ्गेश्वर गाँउपालीका ३ दैलेख | डुङ्गेश्वर गाँउपालीका ४ दैलेख बिउराखेत |
| २ | कबेरे बहुउपयोगी योजना | डुङ्गेश्वर गाँउपालीका ३ दैलेख | डुङ्गेश्वर गाँउपालीका ४ दैलेख बिउराखेत |
| ३ | भेरेखोला सिचाई योजना | डुङ्गेश्वर गाँउपालीका ३ दैलेख | डुङ्गेश्वर गाँउपालीका ४ दैलेख बिउराखेत |
| ४ | वरकोडाँडा सिचाई योजना | डुङ्गेश्वर गाँउपालीका ३ दैलेख | डुङ्गेश्वर गाँउपालीका १, दैलेख ,चुप्रा बजार |
| ५ | पिपलकाटे बहुउपयोगी योजना | डुङ्गेश्वर गाँउपालीका ३ दैलेख | डुङ्गेश्वर गाँउपालीका ६, दैलेख डुङ्गेश्वर |
| ६ | क्रिकूटा बांगेतिजु तटबन्ध योजना | डुङ्गेश्वर गाँउपालीका ३ दैलेख | डुङ्गेश्वर गाँउपालीका ४ दैलेख बिउराखेत |
| ७ | वडाखोला गुयली सिचाई योजना | डुङ्गेश्वर गाँउपालीका ३ दैलेख | डुङ्गेश्वर गाँउपालीका १, दैलेख ,चुप्रा बजार |

**संयुक्त खरिद समिति**
*डुङ्गेश्वर, दैलेख*

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# पत्रकारलाई मानसिक स्वास्थ्य अभिमुखीकरण

❑ काँक्रेविहार संवाददाता
रुकुम पूर्व, ७ वैशाख

रुकुम पूर्वका क्रियाशील पत्रकारहरूलाई मानसिक स्वास्थ्य तथा आत्महत्या सम्बन्धी विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। स्थानीय सञ्चार माध्यममार्फत मानसिक स्वास्थ्यसम्बन्धी समाचार सम्प्रेषण गरी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

नेपाल पत्रकार महासंघ रुकुम पूर्वको आयोजना तथा यु.एम.एन. कर्णाली प्रदेश र जनजागरण मञ्च रुकुमको आर्थिक सहयोगमा आइतबार उक्त कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा मानसिक स्वास्थ्यको आधारभूत अवधारणा, यसको प्रभाव तथा सुधारका उपायबारे सहजीकरण गरिएको थियो।

साथै आत्महत्या सम्बन्धी समाचार सम्प्रेषण गर्दा अपनाउनुपर्ने संवेदनशीलता, सम्भावित जोखिम र त्यसले पार्ने प्रभावबारे सहभागी पत्रकारहरूबीच अन्तरक्रियात्मक छलफल गरिएको थियो। त्यसैगरी, सामुदायिक हानिकारक अभ्यास, मद्यपानका असर तथा मानसिक स्वास्थ्यको वर्तमान अवस्थाबारे पनि छलफल गरिएको थियो।

सहभागीहरूले समाजमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका व्यक्तिप्रति गरिने व्यवहार र दृष्टिकोण परिवर्तन गर्दै जनचेतना अभिवृद्धि गर्न आवश्यक रहेको बताएका छन्।

नेपाल पत्रकार महासंघ रुकुम पूर्वका उपाध्यक्ष बालाराम शेर्पालीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा परियोजना अधिकृत हस्तबहादुर भग्रीले प्रस्तुतीकरण गरेका थिए। कार्यक्रममा कार्यकारी निर्देशक रनबहादुर परियारले उद्देश्यबारे प्रकाश पार्नुभएको थियो भने कार्यक्रमको सञ्चालन महासंघका सचिव निराजन शेर्पालीले गरेका थिए।

# चैत महिनामा पाँच वटा मुद्दा दर्ता

❑ काँक्रेविहार संवाददाता
डोल्पा, ७ वैशाख

जिल्ला प्रहरी कार्यालय डोल्पाले २०८२ साल चैत महिनाको कार्य प्रगति विवरण सार्वजनिक गरेको छ। सार्वजनिक विवरणअनुसार सो अवधिमा पाँच वटा मुद्दा दर्ता भएका छन् भने चार जना प्रतिवादी रहेका छन्। प्रहरीका अनुसार महिला, बालबालिका तथा नागरिकतर्फ एक वटा उजुरी फछ्र्योट गरिएको छ।

हराएका तथा फेला परेका नागरिक सम्बन्धी दुई वटा निवेदनमध्ये एक जना फेला पारिएको जनाइएको छ। उजुरी व्यवस्थापनतर्फ प्रत्यक्ष रूपमा प्रहरी कार्यालयमा १३ वटा उजुरी परेको र तीमध्ये अधिकांश फछ्र्योट गरिएको प्रहरीले जनाएको छ।

साथै जिल्ला प्रशासन कार्यालयमार्फत चार वटा उजुरी प्राप्त भएको पनि विवरणमा उल्लेख छ। अपराध न्यूनीकरणका लागि समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जनचेतनामूलक गतिविधि सञ्चालन गरिएको छ।

प्रहरी नायब उपरीक्षक रुकबहादुर खड्काका अनुसार लामो दूरी र छोटो दूरी गस्ती, सादा पोशाकमा प्रहरी परिचालन तथा नियमित गस्तीलाई तीव्रता दिइएको छ। एक महिनामा ११ पटक लामो दूरी गस्ती, एक सय ६० पटक छोटो दूरी गस्ती, पाँच सय १८ पटक पिकेट ड्युटी, पाँच सय पटक चेकजाँच र तिन सय ७८ पटक ग्रामीण गस्ती गरिएको प्रहरीले जनाएको छ।

सवारी दुर्घटनातर्फ दई वटा दुर्घटना भएका छन्, जसमा एक जनाको मृत्यु भएको छ। चेकजाँचका क्रममा ३६ वटा कारबाही गरी २८ हजार एक सय रुपैयाँ राजस्व संकलन गरिएको छ। समुदाय तथा विद्यालय केन्द्रित कार्यक्रमअन्तर्गत ३६ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ।

# पुग्यो घर-घरमा राहदानी, नागरिकलाई सहज

❑ काँक्रेविहार संवाददाता
डडेलधुरा, ७ वैशाख



डडेलधुरामा दुर्गम क्षेत्रका बासिन्दाले अब राहदानी (पासपोर्ट) घरमै पाउन थालेका छन्। जिल्ला प्रशासन कार्यालय र हुलाक सेवा विभागको समन्वयमा सुरु गरिएको यो सेवाले सदरमुकाम पुग्नुपर्ने बाध्यता हटाउँदै नागरिकलाई ठूलो राहत दिएको छ। परशुराम नगरपालिका-६, करालीकी निर्मला बोहोराले केही दिनअघि एक दिनको यात्रा गरेर जिल्ला सदरमुकाम खलङ्गास्थित जिल्ला प्रशासन कार्यालय पुगेर अनलाइन मार्फत राहदानीका लागि आवेदन दिएकी थिइन्।

प्रक्रिया पूरा गरेपछि उहाँको राहदानी केही दिनमै हुलाकमार्फत घरमै आइपुगेको हो। घरमै राहदानी पाएपछि उनले खुसी व्यक्त गर्दै भनिन् पहिले पासपोर्ट लिनैका लागि दिनभर यात्रा गर्नुपर्थ्यो, खर्च पनि धेरै लाग्थ्यो। अहिले घरमै सेवा आउँदा धेरै सजिलो भएको छ। उनिसँगै सोही गाउँका विक्रम बोहोरा, उमेश धामी र अमरबहादुर धामीको राहदानी पनि घरमै पुगेको छ।

स्थानीय धामीका अनुसार यसअघि राहदानी लिनका लागि करिब दुई दिनको यात्रा गर्नुपर्ने र गाडी भाडा, बसाइँ, खानपान समेत जोड्दा पाँच हजारदेखि सात हजार रुपैयाँसम्म खर्च हुने अवस्था थियो। अहिले त्यो सबै झन्झट हटेको छ। जिल्ला प्रशासन कार्यालय डडेलधुराका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद कोइरालाका अनुसार सरकारको नीति अनुसार राहदानी सेवा हुलाकमार्फत घरघरमै पुऱ्याउने व्यवस्था सुरु गरिएको हो।

प्रारम्भिक चरणमा दुई सय ७५ जनाको राहदानी हुलाकमार्फत घरमै पठाइसकिएको उनले जानकारी दिए। उनका अनुसार यो सेवा विस्तारसँगै दुर्गम क्षेत्रका नागरिकलाई सरकारी सेवा सहज, छिटो र पारदर्शी बनाउने उद्देश्य राखिएको छ। उनले भने सरकारी सेवा नागरिकको घरदैलोमै पुऱ्याउने नीति अनुसार हामीले राहदानी वितरण सुरु गरेका हौं। यसले सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनेछ। जिल्ला हुलाक कार्यालय डडेलधुराका प्रमुख विजयराज ओझाका अनुसार जिल्लाका सातै स्थानीय तहमा रहेका इलाका हुलाक कार्यालय मार्फत राहदानी वितरण भइरहेको छ। जिल्ला हुलाक कार्यालयबाट आएका राहदानीहरू सम्बन्धित इलाका हुलाकमार्फत सेवाग्राहीको घरसम्म पुऱ्याइन्छ उनले यो प्रणालीले दुर्गम क्षेत्रका नागरिकलाई प्रशासनिक सेवामा पहुँच बढाउने मात्र नभई समय, खर्च र जोखिम पनि कम गर्ने बताए। साथै सेवा विस्तारपछि कार्यालयमा भीड घट्ने र प्रशासनिक कार्यसमेत सहज हुने अपेक्षा गरिएको छ। स्थानीयवासीहरूले यसलाई राज्यले जनताको घरदैलोमा सेवा पुऱ्याउने सकारात्मक अभ्यासका रूपमा लिएका छन्।

विशेषगरी भौगोलिक रूपमा विकट क्षेत्रका बासिन्दाका लागि यो सेवा अत्यन्त उपयोगी भएको उनीहरूको भनाइ छ। यसैबीच, प्रशासनले आगामी दिनमा अन्य सरकारी सेवाहरू पनि क्रमशः घरदैलोमै पुऱ्याउने सम्भावनाबारे अध्ययन भइरहेको जनाएको छ।

'समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बञ्चित नहोऔं'

- जन्म दर्ताः बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ताः परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ताः दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाइँसराइः नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाइँसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेदः अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुम्ला

'समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बञ्चित नहोऔं'

- जन्म दर्ताः बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ताः परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ताः दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाइँसराइः नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाइँसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेदः अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

चिङ्गाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत

स्वतन्त्र प्रेस, सबल लोकतन्त्र।

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (**Air Ems**) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

हुलाक निर्देशनालय, सुर्खेत
सम्पर्कः ०८३-५२०२३४/०८३५२०१७५

सम्पूर्ण छपाईका काम
एकै ठाउँमा
लेबल स्टिकर, ब्रोसर पम्प्लेट, क्यालेन्डर, पोस्टर
सरकारी फारम, भौचर, चलानी, बिलबुक
पुस्तक, नोटबुक, डायरी, रिपोर्ट, म्यागेजिन, पत्रिका
आइडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर
GLOBAL OFFSET PRESS
offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८६६५६११४८

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)